# पथरी शनिश्चरे नगरपालिका

मोरङ, प्रदेश नं १, नेपाल

# स्थानीय राजपत्र

खण्ड : ५ | संख्या : ३ | मिति : २०७८।०१।२८

भाग–२

पथरी शनिश्चरे नगरपालिका


## पथरी शनिश्चरे नगरपालिकाको "समुहगत कृषि उत्पादन व्यवस्थापन निर्देशिका २०७८"

कार्यपालिकावाट स्वीकृत मितिः २०७८।०१।२६

प्रमाणिकरण मितिः २०७८।०१।२८

प्रस्तावना :

मानवजीवनमा दैनिक आवस्यक पर्ने पोषण युक्त तरकारी, मासु, अण्डा, फलफुल उत्पादन र विक्री वितरण गरी पोषणको आपूर्ति गर्न नगरक्षेत्र भित्र रहेका भुटानी शरणार्थी र स्थानीय विपन्न परिवारहरुलाई लक्षित गरी नगरपालिकाले विभिन्न संघ सस्थासँगको संयुक्त लगानी र साझेदारीमा परियोजना संचालन गर्ने उद्देश्यवाट पथरी शनिश्चरे नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७७ को दफा ३६ बमोजिम यो निर्देशिका निर्माण गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भ

**१. नाम र प्रारम्भ :** (१) यस निर्देशिकाको नाम **"समुहगत कृषि उत्पादन व्यवस्थापन निर्देशिका २०७८"**रहने छ ।

(२) यो निर्देशिका स्थानीय राजपत्रमा प्रकासन भएका मितिबाट लागू हुनेछ ।

**२. परिभाषा :** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

क. "कृषि व्यवसाय" भन्नाले अन्न, फलफुल, तरकारी, माछा, मासु अण्डा उत्पादन र विक्री वितरणलाई समेत सम्झनु पर्छ ।

ख."समुह" भन्नाले निश्चित सीमा भित्र रहेका नगरपालिका तथा साझेदार संस्थाहरुले गठन गरेको समुहलाई सम्झनु पर्छ ।

ग. "साझेदार" भन्नाले परियोजना शुरु हुदा सामेल हुनेUNHCR र LWE लगायतका अन्य साझेदारी संस्था समेतलाई सम्झनु पर्छ ।

घ. "संरक्षण तथा व्यवस्थापन समिति" भन्नाले यसै निर्देशिकाको नियम १०मा उल्लेखित समितिलाई सम्झनु पर्छ ।

ङ. "संचालक समिति" भन्नाले यसै निर्देशिकाको नियम ४मा उल्लेखित समितिलाई सम्झनु पर्छ।

च. "प्रविधि हस्तान्तरण" भन्नाले प्राप्त भएको ज्ञान, सीप, अनुभव व्यक्ति वा समुहमा हस्तान्तरण गरिने विषयलाई सम्झनु पर्छ ।

छ. "कोष" भन्नाले यसै निर्देशिकाको नियम ८ मा उल्लेखित कोष सम्झनु पर्छ ।

ज. "भौतिक सम्पत्ति"भन्नाले जमीन, औजार उपकरण, मेसिनरी वस्तु समेतलाई सम्झनु पर्छ ।

झ. "जैविक" भन्नाले जैविक वस्तुबाट उत्पादित मल तथा विषादीलाई सम्झनु पर्छ ।

ञ. "परीक्षण" भन्नाले माटोको गुणस्तर परीक्षण, तरकारी वाली, दुग्धजन्य तथा मासुजन्य वस्तुको प्रयोगशाला परीक्षणलाई समेत सम्झनु पर्दछ ।

ट. "प्रोत्साहन" भन्नाले समुह वा व्यत्तिलाई प्रदान गरिने हौसला, प्रसंशा पत्र, सम्मान पत्र र पुरस्कारलाई सम्झनु पर्छ ।

ठ. "अवलोकन" भन्नाले जैविक खेतीको अनुभव लिन गरिएको अनुभव आदन प्रदानको विषय तथा स्थलगत निरीक्षणलाई सम्झनु पर्छ ।

ड. "दात्री संस्था" भन्नाले निस्वार्थ भावनाले समुदायको आर्थिक उन्नतीको लागि सहयोग वा लगानी गर्ने संस्थालाई सम्झनु पर्दछ ।

नगर कार्यपालिकाको कार्यालय पथरी, मोरङ प्रदेश नं.-१, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

## परिच्छेद-२
## समुह सम्बन्धी व्यवस्था

**३. समुह गठन** : (१) खेती गरिने जमिनको परिमाण हेरी कृषि पेशा गर्दै आएका परिवारको १/१ जना सदस्य हुने गरी २० देखि ६० वर्ष उमेर समुहका सदस्यहरुको समुह गठन गरिनेछ ।

(२) समुहमा ५० प्रतिशत स्थानीय समुदाय र ५० प्रतिशत भुटानी शरणार्थी परिवार रहनेछन् ।

**४. संचालक समिति गठन र जिम्मेवारी** : (१) एउटा समुहमा ५ देखि ७ जनाको देहाय बमोजिमको संचालन समिति गठन हुनेछ ।

| | |
|---|---|
| क. अध्यक्ष | १ जना |
| ख. सचिब | १ जना |
| ग. कोषाध्यक्ष | १ जना |
| घ. सदस्य | २ देखि ४जना |

(२) संचालक समितिको जिम्मेवारी देहाय बमोजिम हुनेछ ।

क. वाली लगाउने, संरक्षण गर्ने, उठाउने, भण्डारण गर्ने र विक्रीवितरणको कार्ययोजना बनाउने ।
ख. कार्ययोजना अनुसारको काम समय भित्र गर्ने, गराउने ।
ग. मासिक रुपमा समितिको बैठक वस्ने ।
घ. व्यवसाय संचालनमा आई परेका समस्या समाधान गर्ने ।
ङ. नगरपालिकासँग सहकार्य र समन्वय गर्ने ।
च. समहुको कोष स्थापना गर्ने र परिचालन गर्ने ।
छ. भौतिक सम्पत्तिको संरक्षण र परिचालन गर्ने ।
ज. मासिक वचतमा समुहलाई सामेल गर्ने ।
झ. आफुले प्राप्त गरेका ज्ञान, सीप समुहमा निशुल्क हस्तान्तरण गर्ने ।
ञ. नगरपालिकामा चौमासिक र वार्षिक प्रगति प्रतिवेदन अनुसूची १ मा उल्लेखित ढाँचामा नगरपालिकामा बुझाउने ।

**५. संचालक समितिको पदाधिकारीहरुको कार्य जिम्मेवारी** : संचालक समितिको पदाधिकारीहरुको कार्य जिम्मेवारी देहाय वमोजिम हुनेछ :

क. अध्यक्ष

१. समितिको नेतृत्व गर्ने ।
२. समुह परिचाल गर्ने ।
३. वैठक वोलाउन लगाउने र बैठकको अध्यक्षता गर्ने ।
४. नगरपालिकासँग सम्पर्क र समन्वय गर्ने ।
५. समुहका समस्या सुन्ने, समितिमा छलफल गर्ने र गराउने ।
६. नगरपालिकामा नियमित प्रतिवेदन पेश गर्ने ।

ख. सचिव

१. वैठकको माइन्यूट लेख्ने ।
२. रेकर्ड, खाता, फायल औजार उपकरणको सूची तयार गर्ने ।
३. समुहले गरेका निर्णयहरुको रेकर्ड राख्ने तथा कार्यान्वयन गर्ने ।
४. अध्यक्षसँग परामर्श गरी समुहको हितमा काम गर्ने ।

लक्ष्मी प्रसाद खरेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

ग. कोषाध्यक्ष

१. समुहको हिसाब किताब राख्ने ।

२. नियमित बचत उठाउने ।

३. प्रत्येक ४/४ महिनामा आर्थिक प्रतिवेदन समुहमा पेस गर्ने ।

४. समुहकोआर्थिक विकास योजना बनाउने ।

६. खाता संचालन सम्बन्धी व्यवस्था : (१) समुहको निर्णय बमोजिम संचालन समितिका दुई जना पदाधिकारीको संयुक्त दस्तखतबाट खाता संचालन हुनेछ ।

(२) रु. २० हजार भन्दा वढीको रकम खातावाट झिक्नु परेमा समितिको निर्णय अनिवार्य गराउनु पर्नेछ ।

(७) नगदी कोषको व्यवस्था : (१) समूहको दैनिक आवश्यक खर्च व्यवस्थापन गर्नको लागि रु २० हजार सम्मको सानो नगदी कोष रहने व्यवस्था छ ।

(२) अघिल्लो कोषको रकम विल भरपाई प्राप्त भई फर्स्यौट नभए सम्म दोस्रो नगदी कोष झिक्न पाईने छैन तर समूहको बैठक नवसेको हकमा अध्यक्षले पछि समूहबाट अनुमोदन हुने गरी अघिल्लो खर्चको विल जाचँ गरी दोस्रो खर्च निकासाको अनुमति दिन सक्नेछ ।

(३) नगदी कोषवाट खर्च गरिने क्षेत्र समितिले तोके बमोजिम हुनेछ ।

(८) कोषको स्थापना र परिचालन सम्वन्धी व्यवस्था : (१) समुहको एउटा छुट्टै कोष हुनेछ । सो कोषको संचालन संचालक समितिले गर्नेछ ।

(२) कोषमा देहाय वमोजिमको रकम रहनेछ :

क. समुहले मासिक जम्मा गरेको वचत,

ख. औजार उपकरणकोभाडा वापत प्राप्त रकम,

ग. विद्युत महशुलको लागि समूहले तिरेको रकम,

घ. नगरपालिकाले प्रदान गरेको रकम,

ङ. साझेदार तथा दातृ सस्थाहरुले नगरपालिकाबाट स्वीकृति लिई प्रदान गरेको रकम,

च. उत्पादित वस्तु विक्रीबाट समितिले समूह संचालन गर्नका लागि प्रदान गरेको रकम ।

**(९) समुहको कार्य प्रणाली** : (१) एउटा समुह भित्र एक परिवार बरावर न्यूनतम् ५ कठ्ठा जमीन उपलब्ध गराइने छ ।

(२) उपनियम १ अनुसारको जमीनमा समुह सदस्य आफैंले खेती गर्नु पर्नेछ ।

(३) खेती गर्दा एक प्लटमा सकेसम्म एकै जातको वाली लगाउन प्रोत्साहन गरिनेछ ।

(४) उत्पादित वस्तु आफै विक्री गर्ने वा समुह मार्फत विक्री गर्ने समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) उत्पादित सामग्री समुहले विक्री वितरण गर्दा समर्थन मूल्य समूहले तोके बमोजिम हुनेछ ।

(६) उत्पादित सामग्री विक्री वितरण र बजारीकरण गर्न जनशक्तिको आवश्यक पर्ने भएमा निश्चित रकम कमिसन तोकी समूहवाटै वा समूह वाहिरवाट विक्रेताको व्यवस्था गर्न सक्नेछ ।

श्री शनिश्चरे नगरपालिका नगर कार्यपालिकाको कार्यालय पथरी, मोरङ प्रदेश नं.-१, नेपाल

लक्ष्मी प्रसाद खरेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

## परिच्छेद ३
## संरक्षण तथा व्यवस्थापन समिति निर्धारण र कोष परिचालन

(१०) संरक्षणतथा व्यवस्थापन समिति निर्धारण : (१) समुहगत उत्पादन व्यवस्थापन, प्रवर्द्धन गर्न देहाय बमोजिमको एक संरक्षण तथा व्यवस्थापन समिति गठन हुनेछ।

| | | |
|---|---|---|
| क. संयोजक | - | आर्थिक विकास समितिको संयोजक |
| ख. सदस्य | | सम्वन्धित वडाको वडा वडाध्यक्ष |
| ग. सदस्य | | कृषि शाखा प्रमुख |
| घ. सदस्य | | सहकारी शाखा प्रमुख |
| ङ. सदस्य सचिव | | पशुपन्छी शाखा प्रमुख |

(२) साझेदार संस्थाका प्रतिनिधि २ जना र स्थानीय समूहको प्रतिनिधि १ जना र भुटानी शरणार्थी शिविर व्यवस्थापन समितिको प्रतिनिधि १ जनाआमन्त्रित सदस्य।

**११.संरक्षण तथा व्यवस्थापन समितिको जिम्मेवारी** : संरक्षण तथा व्यवस्थापन समितिको जिम्मेवारी देहाय वमोजिम हुनेछ :

क. समुहद्वारा गरिने खेती र उत्पादित वस्तुहरुको बजारीकरणका लागि नीति निर्माण गर्ने,
ख. सामुहिक खेतीका लागि स्रोत साधनको व्यवस्थापन गर्ने,
ग. साझेदार संस्थाहरु खोजी गर्ने र लगानी जुटाउने,
घ. परियोजना संचालन गर्न दात्री संस्थाहरुसँग सहकार्य तथा समन्वय गर्ने,
ङ. समुहलाई आवश्यक्ता अनुसारको प्राविधिक परामर्शको व्यवस्था गर्ने ,
च. समुह गठन, संचालन तथा व्यवस्थापनमा सहजिकरण गर्ने ।

**१२. स्रोत व्यवस्थापन तथा परिचालन**: समूह संचालनका लागि आवश्यक पूर्वाधार, औजार उपकरण, मलविउ, सिंचाइको प्रवन्ध, जमिन भाडा, तालिम, प्रविधि लगायतको जिम्मेवारी र दायित्व नगरपालिका, UNHCRर LWF लगायतका अन्य संस्थाहरुसँग आपसी सहमतिबाट व्यवस्थापन गरिनेछ।

**१३. साझेदार संस्था, नगरपालिका र समूह वीचको सम्झौता** : (१) नगरपालिका र साझेदार संस्थावीच स्रोत, औजार उपकरण, जमिन व्यवस्थापन, गुणस्तर मापन, उत्पादित वस्तुको विक्री वितरण, भण्डारण र वजारीकरणको दायित्व सम्वन्धी सम्झौता हुनेछ।

(२) व्यवसाय संचालनका लागि नगरपालिका र समूह वीच साझेदार संस्थाको रोहवरमा छुट्टै सम्झौता हुनेछ।

(३) उप नियम (१) र (२) वमोजिम सम्झौता गर्दा जिम्मेवारी, शर्त र अवधि निश्चित गरिनेछ।

नगर कार्यपालिकाको कार्यालय, पथरी, मोरङ, प्रदेश नं.-१, नेपाल

[signature] प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

## परिच्छेद ४
## पशुपालन समूह सम्बन्धी व्यवस्था

**१४.पशुपालन सम्बन्धी व्यवस्था** : (१) भुटानी शरणार्थीहरु र स्थानीय समुदाय वीच देहाय बमोजिम सामुहिक रुपले पशुपालन व्यवसाय संचालन हुनेछ

क. दुवै समुदायको ५०/ ५० प्रतिनिधित्व हुने गरी समुह गठन गरिने,

ख. निर्देशिकाकको दफा ४ को उपदफा (१) वमोजिम संचालन समिति गठन र परिचालन हुने,

२ समितिको जिम्मेवारी देहाय वमोजिम हुनेछ :

क. पूर्वाधारको व्यवस्थापन, व्यवसाय संचालन, उत्पादन, संरक्षण, भण्डारण र बिक्री वितरणको कार्ययोजना बनाउने ।

ख. कार्ययोजना अनुसारको काम समय भित्र गर्ने, गराउने ।

ग. मासिक रुपमा समितिको वैठक बस्ने ।

घ. व्यवसाय संचालनमा आई परेका समस्या समाधान गर्ने ।

ङ. नगरपालिकासँग सहकार्य र समन्वय गर्ने ।

च. समहुको कोष स्थापना गर्ने र परिचालन गर्ने ।

छ. भौतिक सम्पत्तिको संरक्षण र परिचालन गर्ने ।

ज. मासिक बचतमा समुहलाई सामेल गर्ने ।

झ. आफुले प्राप्त गरेका ज्ञान, सीप समुहमा निशुल्क हस्तान्तरण गर्ने ।

ञ. नगरपालिकामा चौमासिक र वार्षिक प्रगति प्रतिवेदन अनुसूची १ मा उल्लेखित ढाँचामा नगरपालिकामा बुझाउने ।

## परिच्छेद ५
## विविध

**१५. समूहसदस्य थपघट सम्बन्धी व्यवस्था** : (१) समूहमा आवद्ध सदस्यले स्वेच्छाले समूह छोड्न सक्नेछन्।

(२) समुह छोड्दा निजको आफ्नो लगानी र सोबाट भएको उत्पादन वाहेक अन्य भौतिक सम्पत्तिमा कुनै दावी गर्न पाउने छैनन् ।

(३) समूहमा वचत गरेको भए बचतको किसिम र शर्त बमोजिम हुनेछ ।

(४) समूहका सदस्यको स्थान रिक्त भएमा संचालक समितिको सिफारिसमा संरक्षण तथा व्यवस्थापन समितिले थप गर्न सक्नेछ ।

**१६. समूह विगठन सम्बन्धी व्यवस्था** : (१) समूह निश्कृय भई फर्म तथा व्यवसाय संचालन गर्न नसकेमा वा शर्त बमोजिम दायित्व पूरा नगरेमा समूह भंग गरी संरक्षण तथा व्यवस्थापन समितिले अर्को समूह गठन गर्न वा परियोजना स्थगित गर्न सक्नेछ ।

(२) परियोजना स्थगित भएमा त्यसको जिम्मा रहेको औजार उपकरण, भवन लगायका भौतिक सामग्री नगरपालिकाको अधिनमा हुनेछ ।

लक्ष्मी प्रसाद खरेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**१७. गुणस्तर परीक्षण र अन्य व्यवस्था** :(१) तरकारी तथा फलफुल पूर्ण जैविक हुनेछ । रासायनिक मल र विषादी प्रयोग गर्न पाइने छैन । किसानलाई जैविक मल वनाउने जैविक विषादी तालिम प्रशिक्षण र प्रयोग विधि नगरपालिकाले व्यवस्था गर्नेछ ।

(२) समूहद्वारा उत्पादित खाद्य वस्तुको गुणस्तर परीक्षण नगरपालिकाले गर्नेछ ।

(३) जैविक प्रविधिवाट उत्पादित खाद्य पदार्थको छुट्टै विक्री केन्द्र नगरपालिकाले तोक्नेछ ।

**१८. दायित्व बहन सम्वन्धी व्यवस्था** :(१) व्यवसाय संचालनको लागि करारमा लिएको जमिनको भाडा, विद्युत महसुल, औजार उपकरणको भाडा उठाउने र भुक्तानी गर्ने दायित्व सम्झौता वमोजिम हुनेछ ।

(२) औजार उपकरण, मर्मत संहार दिगो रुपमा उपयोग गर्न संचालन तथा व्यवस्थापन समितिले भाडा दर निर्धारण गर्नु पर्नेछ, तर भाडा दर निर्धारण गर्दा स्थानीय वजार मूल्यलाई आधार लिनु पर्नेछ ।

(३) मसासिव कारण वाहेक ३ वर्ष नपुगी समूह छोड्न पाइने छैन, छोडेमा पहिलो वर्षको दामासाहीले हुने भाडा कोषमा जम्मा गर्नुपर्नेछ ।

(४) उपदफा ३ वमोजिम मनासिव कारण विना समूह छोड्ने व्यक्तिलाई पुनः समूहमा आवद्ध गरिने छैन ।

**१९. उपकरण भाडामा दिन सकिने** : समूहको जिम्मेवारी रहेका औजार उपकरणहरुको समूहले वाहिर समुदायमा भाडामा लगाउन सक्नेछ ।

**२०. अभिलेख तथा रसिद** : (१) विक्री गरेका वस्तुहरुको अनिवार्य रसिद काट्नु पर्नेछ ।

(२) संचालक समितिले सवै सदस्यको अभिलेख व्यवस्थित गर्नुपर्नेछ ।

२१. व्याख्या : यस निर्देशिकाको व्याख्या गर्ने अधिकार कार्यपालिकालाई हुनेछ । यस निर्देशिका तयार हुनुभन्दा अगाडी प्रस्तावना तयार गरि यस प्रकृतिका भए गरेका क्रियाकलापहरु यसै निर्देशिका वमोजिम भए गरेको मानिनेछ ।

पथरी शनिश्चरे नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पथरी, मोरङ
प्रदेश नं.-१, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

अनुसूची १

परिच्छेद १ को उपनियम

श्रीमान नगर प्रमुख ज्यू,
पथरी शनिश्चरे नगर कार्यपालिकाको कार्यालय
प्रदेश नं. १, पथरी मोरङ्ग ।

विषय : प्रतिवेदन सम्बन्धमा ।

उपरोक्त विषयमा प्रतिवेदनमा माग भए वमोजिमको विवराणात्कम विषयहरु देहाय बमोजिम उल्लेख गरी पठाएको व्यहोरा अनुरोध गर्दछु ।

१. समुहले प्राप्त गरेको तालिमहरु
 क.
 ख.
 ग.

२ ............... तालिम पर्याप्त ☐ अपर्याप्त ☐ काम चलाउ ☐

३. समुहलाई आगामी दिनमा आवश्यक तालिमहरु
 क.
 ख.
 ग.

४. सामुहिक खेति संचालन गर्दा आई परेका समस्या र चुनौतिहरु
 क.
 ख.
 ग.

५. समूहले वार्षिक रुपमा उत्पादन गरेकावस्तुको परिमाण...........
 क.
 ख.
 ग.

६. समुहको वार्षिक आम्दानी रु ...........

७. समूहको वार्षिक वैंठक संख्या ...........

८. समूहले गरेको उपलब्धी हेर्न वाहिरवाट आएका व्यक्ति ....... जना, समूह .........

पथरी शनिश्चरे नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पथरी, मोरङ
प्रदेश नं.-१, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

## चौमासिक प्रतिवेदनका लागि

१. समुहले गरेका मुख्य मुख्य उत्पादनहरु
   क.
   ख.
   ग.

२. समुहको वैठक संख्या :

३. समुहको औषत आम्दानी रु ......

४. उत्पादनको अधिकतम् मूल्य
   क.
   ख.
   ग.

५. उत्पादनका न्यूनतम् मूल्य
   क.
   ख.
   ग.

६. विक्री गर्ने विधि, व्यक्तिगत ☐ सामूहिक ☐ मिश्रित ☐

७. विक्रीमा, समस्या भएको ☐ नभएको ☐ कहिले काही मात्र भएको ☐

८. उत्पादन कार्यमा, समूह व्यक्तिको सकृयता राम्रो ☐ सामान्य ☐ निस्कृय ☐

९. वजारमा वढी माग भएको वस्तु
   क.
   ख.
   ग.

१०. औजार उपकरण, वाहिर समुदायमा भाडामा दिने गरेको ☐
   माग अनुसार दिईने गरेको ☐ हाल सम्म दिएको छैन ☐

प्रतिवेदक

सचिव

..................

अध्यक्ष

........................

आज्ञाले

लक्ष्मी प्रसाद खरेल

प्रमुख प्रशासकीय अधिकृत

२०७८।०९।२२

Scanned with CamScanner